संख्या नं :

# ओमसतिया गाउँपालिकाको कृषि सन्जाल कार्यान्वयन कार्यविधि,२०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७६/०९/०७ |

## ओमसतिया गाउँपालिका

## हाटीफर्सटिकर, रुपन्देही

## ५ नं. प्रदेश,नेपाल

## "ओमसतिया गाँउपालिका कृषि सञ्जाल कार्यान्वयन कार्यविधि,२०७६"

**पृष्ठभूमि:**

ओमसतिया गाँउपालिका भित्र रहेका कृषि विकासमा संलग्न सरोकारवाला निकायहरुको संयोजन मार्फत नै यस गाँउको बास्तविक कृषिका संभावना तथा चुनौतीहरु बिश्लेषण गर्न सहज हुन्छ । गाँउपालिका भित्र सीमित साधन श्रोत, सूचना, प्राबिधिक जनशक्ति आदिबाट कृषि विकासमा प्रर्याप्त टेवा पुग्ने संभावना न्यून रहेको छ । यस अवस्थामा हामीले कृषि क्षेत्रसंग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सूचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्नुका साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता बृदी गरी बढी भन्दा बढी सेवा प्रवाह तथा कृषकको माग सहि तरिकाले सम्बोधन गरेको हुनुपर्दछ । कृषिको बृहत तथा समाबेशी विकासका लागि र यस गाँउपालिकाको बार्षिक कृषि नीतिमा उल्लेख भएअनुरुप कृषि उधमी, कृषक समुह, कृषक सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि संजाल मार्फत कृषि सूचना प्रवाह तथा प्रबिधि प्रचार प्रसार गरि कार्यक्रम प्रभावकारी रुपले संचालन गर्न वान्छनीय भएकाले "कृषि संञ्जाल कार्यान्वयन कार्यविधि, २०७६" स्वीकृत गरि लागू गरिएको छ ।

**प्रारम्भिक** **परिच्छेद-१**

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम "कृषि सञ्जाल कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि ओमसतिया गाँउपालिकाको बैठकबाट निर्णय भए पश्चात ओमसतिया गाँउपालिका क्षेत्र भर लागू हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाँउपालिका" भन्नाले ओमसतिया गाँउपालिका बुझ्नुपर्दछ ।

(ख) " वडा संजाल " भन्नाले वडा स्तरमा गठन भएको कृषि सञ्जाल बुझ्नुपर्दछ ।

(ग) " गाँउसंजाल " भन्नाले गाँउपालिकास्तरमा गठन भएको कृषि संजाल बुझ्नुपर्दछ ।

(घ) " संजाल " भन्नाले कृषि सम्बद्ध सरोकारवाला संलग्न संस्था बुझ्नुपर्दछ ।

(ङ) "बिषयगत कृषि संजाल" भन्नाले बिशेष कृषि बाली बस्तुमा संलग्न रहेका कृषकहरुको सञ्जाल बुझ्नुपर्दछ ।

(च) "सदस्य" भन्नाले कृषि संजालका सदस्यलाई जनाउँदछ ।

(छ) "सरोकारवाला" भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज बिक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि संलग्न टोली बुझ्नुपर्दछ ।

(ज) "शाखा" भन्नाले गाँउपालिकाको कृषि शाखा बुझ्नुपर्दछ ।

३. **उदेश्य :**

यस कार्यविधिको उदेश्य देहाय वमोजिम रहेको छ ।

१. गाँउपालिका भित्र कृषि विकासमा आवश्यक पर्ने कृषि कार्यक्रम माग संकलन गर्ने, गाँउ क्षेत्र भित्र हुन सक्ने संभावित ब्यवसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमको पहिचान गर्ने ।

२. गाँउपालिकाबाट संचालित कृषि कार्यक्रमको कार्यान्वयन गर्ने, संचालित कार्यक्रमको अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

३. गाँउपालिकालाई कृषि विकाससँग सम्बन्धित नीति निर्माणमा सहयोग गर्ने ।

## परिच्छेद -२

## संजाल साधारण सदस्यता तथा कार्य संजाल गठन

**४. संजालको सदस्य:**

संजालमा आवद्ध हुनको लागि कृषि संजालको सदस्यता लिनुपर्नेछ ।

सञ्जालको सदस्य दुई प्रकारको हुनेछ ।

(क) व्यक्ति सदस्य (ख) संस्था सदस्य

(क) व्यक्ति सदस्य: वडा भित्र कृषि व्यवसाय गर्दै आएका कृषक, कृषि सामग्री बितरक, बजारीकरणमा संलग्न व्यक्ति हुनुपर्दछ ।

(ख) संस्था सदस्य: बिधिवत संस्था दर्ता गरी संस्थागत रूपमा कृषि समूह/ कृषि सहकारी/ फार्म/ कम्पनी मार्फत वडा भित्र कृषि व्यवसाय गर्दै आएको संस्था हुनुपर्दछ ।

**५. संजालको साधारण सदस्यको लागि निवेदन** :

संजालमा आवद्ध रहन चाहनेले अनुसूची (१) को ढांचामा वडा स्तरीय कृषि सन्जाल समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

**६. वडा स्तरीय कृषि सन्जाल सिफारिस** :

१- वडा स्तरीय कृषि सन्जालले निवेदक कृषकलाई संजालको साधारण सदस्यको लागि वडा स्तरीय कृषि सन्जालले निर्णय सहित सिफारिस गर्नेछ र कृषि शाखाले सिफारिसको आधारमा अनुसूची (२) को ढाँचा अनुसार प्रमाण-पत्र उपलव्ध गराउने छ ।

२- दफा ४,५,६ मा जेसुकै लेखिएको भएतापनि नयाँ संजाल गठन गर्दा बहुमतका आधारमा सदस्य चयन गरिनेछ ।

**७. प्रमाणपत्र नबिकरण:**

प्रत्येक साधारण सदस्यले वडास्तरीय कृषि सञ्जालको सदस्यता लिनुपर्नेछ र प्रत्येक दुई वर्षको शुरूमा साधारण सदस्ताको प्रमाणपत्र नविकरण गराउनुपर्नेछ ।

**८. वडा स्तरीय कृषि संजाल कार्यसमिति गठन :**

गाँउपालिकाको प्रत्येक वडामा भेग, बाली, कृषिका विभिन्न क्षेत्र समेटिने गरि वडा कार्यालयको आवाहनमा कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामाग्री वितरक, कृषि उपज बिक्रेता, कृषिमा आबद्ध संघ संस्था आदि लाई पत्राचार गरि भेला गराई आवश्यकता अनुसार कम्तिमा ७ र बढीमा ९ सदस्य सम्मको निम्नानुसारको **वडा स्तरिय कृषि संजाल कार्य समिति** गठन गरिनेछ । जसमा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य हुनेछ । मुख्य तीन पदहरुमा कम्तिमा १ जना महिला हुनुपर्नेछ ।

| | |
|---|---|
| संयोजक - | १ जना |
| सह संयोजक - | १ जना |
| सचिव - | १ जना |

सह सचिब- १ जना
कोषाध्यक्ष - १ जना
सदस्य- २ देखि ४ जना

सल्लाहकार समिति : वडा अध्यक्ष वा अध्यक्षले सिफारिस गरेको वडा सदस्य, वडा क्षेत्र हेर्ने कृषि प्राबिधिक र सम्बन्धित वडाबाट मनोनित व्यवसायिक अगुवा कृषक हुनेछन् ।

**९. वडा स्तरीय कृषि संजाल कार्य समिति छनौट प्रकृया:**

क. छनौट समिति : वडा कृषि संजाल छनौट निम्नानुसारको चार सदस्यले सहजीकरण गर्नेछ ।

१. वडा अध्यक्ष
२. कृषि प्राबिधिक
३. वडा सचिव
४. अगुवा कृषक

ख. वडा कृषि भेलाको सूचना: छनौट संजालले न्यूनतम १५ दिन अगाडी वडा कृषि भेलाको सूचना गर्नेछ र भेलामा उपस्थीत भएका साधारण सदस्यहरुबाट कृषि संजाल कार्यसमिति चयन हुनेछ ।

**१०. संजालमा रहेर कार्य गर्न आवश्यक नयुनतम योग्यता:**

- कृषि संजाल व्यक्तिगत सदस्यको लागि व्यक्तिगत निबेदन तथा संस्थागत सदस्यको लागि संस्थाको मंजुरीनामा पत्र ।
- स्वयंसेवाको भावना भई निश्वार्थ सेवा गर्न मन भएको ।
- सम्बन्धित क्षेत्रभित्र कम्तिमा दुई कठ्ठा क्षेत्रमा कृषि उत्पादन गदै आएको, कृषि सामाग्री बिक्री बितरण गरेको वा बजारिकरण गरेको वा कृषि तालिम प्राप्त व्यक्ति ।
- कुनै पनि सरकारी निकायमा कार्यरत नभएको ।
- गॉउपालिका भित्र रहेका सार्वजनीक निकायलाई तिर्नुपर्ने कर वा महसुल बाँकी नरहेको ।
- वडा समितिले आवश्यक देखेमा निर्वाचित गॉउ सभा सदस्य समेत कृषक भएको भए संजालको संयोजक बन्न बाधा पर्नेछैन ।
- कार्य सञ्जालमा रही सहयोग पुर्याउन चाहने सञ्जालको सदस्यले अनुसूची (३) अनुसारको सूचक पत्र भर्नुपर्नेछ ।

**११. प्रमाण पत्र उपलव्ध गराउने:**

छनौट भएका कार्य संजाल पदाधिकारीहरूलाई अनुसूची २ बमोजिमको प्रमाण पत्र उपलब्ध गराईनेछ र वडा स्तरीय कृषि संजाललाई प्रमाण पत्र प्रदान गरिनेछ ।

**१२. वडा कृषि संजाल कार्यसमितिको काम, कर्तव्य र अधिकार:**

- वडा स्तरमा रहेका कृषक, कृषक समूह, कृषक सहकारी, नीजि फर्म, तथा अन्य सरोकारवालासँग समन्वय गरि वडा स्तरमा समग्र कृषि विकासको योजना तयारी गर्ने ।
- वडावासी कृषकहरूलाई प्राप्त सूचना प्रवाह गर्ने, वडा कार्यालयवाट कृषि संजालको व्यक्तीगत वा संस्थागत साधारण सदस्यता प्रमाणपत्र उपलव्ध गराउन सहयोग गर्ने ।
- कृषि विकास कार्यक्रमको कार्यान्वयन, अनुगमन, निरीक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।
- वडा स्तरको बाली बस्तुको विवरण अध्यावधिक गर्ने ।
- गॉउपालिका स्तरीय कृषक संजाललाई नीतिगत रुपमा सुझाब प्रदान गर्ने ।

- वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कस्टम हयारिंग केन्द्र आदि स्थापना, संचालन तथा संरक्षण गर्ने ।
- वडा स्तरमा खाध्य सुरक्षाको बिश्लेषण गर्ने ।
- गाँउपालिकाबाट कृषिसँग सम्वन्धी कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्यसम्पन्न गर्ने ।

**१३. गाँउपालिका स्तरीय कृषि सन्जाल गठन:**

क. गाँउपालिकामा कृषि क्षेत्र हेर्ने गाउँकार्यपालिका सदस्यको संयोजकत्वमा देहाय बमोजिमको गाँउपालिकास्तरीय कृषि सन्जाल गठन गरिनेछ ।

संयोजक- गाउँ कार्यपालिका सदस्य — १ जना

सदस्य- वडा स्तरीय कृषि सन्जाल संयोजकहरु बाट १/१ जना गरि — ६ जना

सदस्य सचिव - कृषि शाखा प्रमुख — १ जना

ख. समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

ग. गाँउपालिका स्तरीय कृषि सन्जालमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य नपुगेको अवस्थामा वडास्तरीय कृषि सन्जाल मार्फत थप महिला सदस्यहरु मनोनयन गरी पठाउन सक्नेछ ।

घ. आवश्यकता अनुसार सल्लाहाकार समिति तथा गाँउपालिका स्तरीय बिषयगत कृषि संजाल गठन गर्न सकिनेछ ।

ङ. संजाल गठन तथा क्षमता अभिबृदिको लागि गाँउपालिकाको कृषि विकास शाखाले सहजिकरण गर्नेछ ।

**२०. गाँउपालिका स्तरीय कृषि संजाल कार्य समितिको काम, कर्तव्य र अधिकार** :

- गाँउपालिकालाई कृषि क्षेत्रको नीतिगत रुपमा सुझाव दिने
- ओमसतिया गाँउपालिका नीति तथा कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने ।
- वडा स्तरीय कृषि संजालबाट संकलन भएका मागहरूको बिश्लेषण गरी महत्वपुर्ण कार्यको प्राथमिकता तोकी गाँउपालिकामा आवश्यक पहलको लागि सिफारिस गर्ने ।
- गाँउपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारिस गर्ने ।
- गाँउपालिकावाट कृषिसंग संवन्धित कार्यहरु तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- गाँउपालिकावाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी/गराई भुक्तानीको लागि कार्यालयमा सिफारीस गर्ने ।
- गाँउपालिका भित्र कृषि विकास तथा प्रबर्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा गाँउको खाध्य सुरक्षा अवस्था बिष्लेषण गर्ने ।

**२१. वडा स्तरीय कृषि संजाल वैठक :**

समिति गठन पश्चात मासिक रूपमा बस्नेछ साथै वडास्तरीय कृषि संजालका संयोजकको अनुरोधमा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

**२२. गाँउपालिका स्तरीय कृषि संजाल वैठक :**

गाँउपालिका स्तरीय कृषि संजालको बैठक बर्षको कम्तीमा तीन पटक बस्नेछ । आवस्यक्ता अनुसार गाउँपालिका स्तरीय कृषि संयोजकको आवहानमा बस्न सक्नेछ ।

२३. **संजाल कार्यसमिति दर्ता** :

संजालको बिधान तयार गरि वडा स्तरीय कृषि संजाल गाँउपालिका कृषि शाखामा दर्ता गर्ने र प्रमाणपत्र उपलब्ध गराउनुको साथै सोको जानकारी सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

२४. **संजालको कार्यसमितिको अवधि :**

वडा र गाँउपालिका स्तरीय कृषि संजाल कार्य समितिको अवधी २ वर्षको हुनेछ । दुई बर्ष पश्चात नयाँ कार्य समिति गठन गरिनेछ ।

२५. **आर्थिक पक्षः**

गाँउपालिका मार्फत वडा स्तरीय तथा गाँउपालिका स्तरीय कृषक संजाल बैठक तयारी तथा संचालन गर्दा देहाय बमोजिमका कृयाकलापमा देहाय बमोजिमको खर्च गर्न सकिनेछ तर आवश्यकता अनुसार अधिकतम खर्च गर्न सकिने रकम नबढ्ने गरी जुनसुकै शिर्षकमा पनि उक्त रकम खर्च गर्न सकिनेछ ।

| क्र. सं | कृयाकलापको विवरण | अधिकतम खर्च | कैफियत |
|---|---|---|---|
| १ | तयारी खर्च | ३००० | |
| २ | बैठक संचालन तथा स्टेसनरी खर्च | १०००० | |
| ३ | अनुगमन खर्च | ५००० | |
| ४ | भैपरी खर्च | २००० | |
| | जम्मा | २०००० | |

अनुसूची तथा प्रमाणपत्र छपाईं कार्यको लागि गाँउपालिका कृषि शाखाले आवश्यक बेवस्था गर्नुपर्नेछ ।

२६. **कार्यबिधिमा संशोधन** :

आवश्यकता अनुसार गाँउपालिकाको बैठकबाट कार्यबिधिमा संशोधन गर्नुपर्ने भएमा संशोधन गर्न सकिनेछ ।

**अनुसूची १**

साधरण सदस्यताको निबेदन नमूना

श्री संयोजक ज्यू

मितिः २०७..। ।

वडा स्तरीय कृषि सन्जाल

,......नं. वडा कार्यालय,..........

ओमसतिया गाँउपालिका, रुपन्देही ।

बिषय: कृषि संजालको साधारण सदस्यता पाऊँ ।

महोदय,

उपरोक्त सम्वन्धमा म/हामी कृषि संजाल कार्यान्वयन कार्यवीधि, २०७६ अनुसार संजालको साधारण सदस्यको रूपमा रही कृषि कार्य गर्न इच्छुक रहेकोले तपशीलको विवरण खुलाई निवेदन दिएको छु/छौ ।

**तपशील:**

१. साधारण सदस्यको प्रकार (चिनो लागाउनु होस)

क. व्यक्ति साधारण सदस्य

ख. संस्था साधारण सदस्य

२. उपलव्ध गराईएको दस्तुर रू.............(वडा स्तर कार्यसंजालमा बुझाउने)

३. व्यक्ती साधारण सदस्यले उल्लेख गर्ने:

जम्मा परिवार संख्या: .............महिला...........पुरूष...........शैक्षिक योग्यता:

१८ वर्ष भन्दा मुनीको: १८ वर्ष भन्दा माथिको: घर मुलीको मुख्य पेशा:

४ परिवारको नाममा रहेको जमिन (क्षेत्रफल)

| सि.न | खेत | घोल | भडामा लिएको जग्गा | जम्मा जग्गा | सिंचित जग्गा | असिंचित जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

५ सालबसाली गर्दै आएको मूख्य व्यवसाय - (कृषि, पशुपालन, कृषि बजारिकरण, व्यवसाय, सेवा प्रदायक, कृषि सामाग्री उत्पादक, प्लाष्टिक घर विवरण समेत )

| सि.न | व्यवसायको नाम | हालको अवस्था क्षेत्रफल, सख्या, साइज खुलाउने | बार्षिक लगानी रु | बार्षिक आम्दानी रु | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| | | | | | |

६ संस्थागत साधारण सदस्यले भर्ने:

संस्थामा आवद्ध घर परीवार संख्या: ..........महिला..........पुरूष.......

निवेदकको नाम:

ठेगाना

टोल:

सम्पर्क नं

## अनुसूची (२)

**(साधारण सदस्यलाई उपलब्ध गराउने प्रमाण पत्रको ढांचा)**

**ओमसतिया गॉउपालिका**

**कृषि शाखा**

कृषि संजालको साधारण सदस्यताको

**दर्ता न.**

**प्रमाण-पत्र**

"ओमसतिया गॉउपालिका कृषि संजाल कार्यान्वयन कार्यबिधि-२०७६" अनुसार तपाई श्री ................................लाई ..........नं. वडाको व्यक्ती/संस्था सदस्यताको यो प्रमाणपत्र उपलव्ध गराईएको छ ।

मिति......................

.................

संयोजक:

वडा स्तरीय कृषि संजाल

.........................

कृषि शाखा प्रमुख

(नोट: यो प्रमाणपत्र प्रत्येक दुई बर्षमा नविकरण गर्नुपर्दछ ।)

**नविकरण**

| नविकरण मिति | म्याद पुग्ने मिति | रसिद नं. र नविकरण शुल्क | नविकरण गर्ने अधिकारीको नाम र पद | हस्ताक्षर | कार्यालयको छाँप |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची (३)

वडा / गॉउ कार्यसंजालमा रहेर सहयोग पुर्याउने चाहने संजाल सदस्यले भर्नुपर्ने सूचक पत्र

नाम:

उमेर:

ठेगाना:

सस्थागत सदस्य भए संस्थाको नाम :

संस्थाको ठेगाना:

तलका बिवरणमा उल्लेख गर्नु होस ।

१. कृषि संजालको व्यक्तिगत साधारण सदस्यता: छ छैन

२. संस्थागत सदस्यको लागि संस्थाको मंजुरी पत्र: छ छैन

३. पारिश्रमिक नहुने यस कार्यसमितिमा नि:श्वार्थ स्वयंसेवी भावनाले कार्यसंजालमा बसी सेवा गर्ने मन छ छैन

४. हाल खेती गर्दै आएको

क. कुल जमिन:

ख. कृषि उत्पादन:

ग. पशु वा पंक्षी पालन:

घ. बार्षिक लगानी रु:

ङ. कूल आम्दानी

च.

छ. रु:

५. वडा भित्र रहेका कृषि, खेती योग्य जमिन र पशुपंक्षी पालनको बारेमा कतिको जानकार हुनुहुन्छ ?
क) राम्ररी थाहा छ ख) अलि अलि थाहा छ ग) जानकारी छैन

६. तपाईले गॉउपालिका भित्र रहेका कुनै सार्बजनिक निकायलाई तिर्नुपर्ने दस्तुर वॉकी छ वा छैन (घर जग्गा कर, मालपोत, विधुत, खानेपानी, टेलीफोन आदी)

**अनुसूची (४)**

वडा स्तरीय कृषि संजाल कार्यसमितिको लागि नमूना प्रमाण-पत्र

ओमसतिया गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

कृषि शाखा

**वडा कृषि संजाल दर्ता प्रमाण-पत्र**

**दर्ता न.**

यस ओमसतिया गाँउपालिका अन्तर्गत "कृषि संजाल कार्यान्वयन कार्यबिधि-२०७६" अनुसार वडा नं.........को ........... पदाधिकारीहरू रहेको वडा स्तरीय कृषि संजालको कार्यसमितीमा आ.ब.............देखि आ.ब..........सम्म (२ वर्षे कार्यकालको लागि) कार्यबिधिमा उल्लेख भएअनुसार कार्यसमिति संचालन गर्नुहुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

-------------------

कृषि शाखा प्रमुख

--------------

प्रमुख प्रशासकीय अधिकृत

मिति :

**अनुसूची (५)**

**गाँउपालिका स्तरीय कृषि संजालको लागि नमूना प्रमाण-पत्र**

**ओमसतिया गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय**

**कृषि शाखा**

**कृषि संजाल दर्ता प्रमाण-पत्र**

दर्ता न.

मिति:


ओमसतिया गाँउपालिका अन्तर्गत "कृषि संजाल कार्यान्यन कार्यबिधि-२०७६" अनुसार ......सदस्यीय पदाधिकारीहरू रहेको **गाँउपालिका स्तरीय कृषि संजालको** कार्यसमितीमा आ.ब...........देखि आ.ब...............सम्म (दुई बर्षे कार्यकाल) कार्यबिधि अनुसार कार्यसमिति संचालन गर्न हुन यो प्रमाण-पत्र उपलव्ध गराईएको छ ।

-------------------

कृषि शाखा प्रमुख

--------------

प्रमुख प्रशासकीय अधिकृत




**चित्रः कृषि संजालको अवधारणा**